अ.छा.बे


त्रिभुवनविश्वविद्यालय
पो.ब.नं. ८२१२, कीर्तिपुर
काठमाण्डौ, नेपाल
फोन नं. ४३३०८८४,४३३२०८६

Tribhuvan University
P.O. Box 8212, Kirtipur
Kathmandu, Nepal
Phone No: 4330884


# TRIBHUVAN UNIVERSITY
# OFFICE OF THE REGISTRAR
## लेखापरीक्षण महाशाखा

**Ref no:** ८०४
मितिः २०८२।५।११

श्रीमान क्याम्पस प्रमुखज्यु,
धवलागिरि बहुमुखी क्याम्पस,
बागलुङ्ग

विषय : आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको बारे ।

उपरोक्त विषयमा त्यस कार्यालयको आर्थिक बर्ष २०८१।८२ को आर्थिक कारोवारको प्राप्त भए सम्मको बील, भरपाई, श्रेस्ता तथा जानकारीका आधार लेखापरीक्षण कार्य सम्पन्न गरी आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को मिति २०७३।०९।२० को संशोधित परिच्छेद ९ को नियम ४५ (२) अनुसार २२ (बाइस) पानाको प्रतिवेदन यसै पत्रसाथ पेश गरेका छौं ।

त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को परिच्छेद ९ को नियम ४५ उपनियम ३ अनुसार गर्नु गराउनु हुन अनुरोध गर्दछौं ।

बोधार्थ
महालेखापरीक्षकको कार्यालय
सामाजिक सेवा लेखापरीक्षण महानिर्देशनालय
अनाम नगर काठमाण्डौ

२०८२।५।११

| | | |
|---|---|---|
| पुण्य प्रसाद आचार्य | कृष्ण प्रसाद शर्मा, रेग्मी | ललित बहादुर शाक्य |
| मुख्य लेखा सहायक | लेखा अधिकृत | लेखा अधिकृत |
| लेखापरीक्षण महाशाखा | लेखापरीक्षण महाशाखा | लेखापरीक्षण महाशाखा |

त्रिभुवनविश्वविद्यालय
रजिष्टारको कार्यालयपवपप
लेखापरीक्षण महाशाखा
आन्तरिक लेखापरीक्षण प्रतिवेदन (Long Form)
आ ब २०८१।८२

लेखापरीक्षण टोली:


लेखाअधिकृत, ललित बहादुर शाक्य
लेखाअधिकृत, कृष्ण प्रसाद शर्मा रेग्मी
मुख्य लेखासहायक, पुण्य प्रसाद आचार्य

क्याम्पसको नाम: धवलागिरि बहुमुखि क्याम्पस, बागलुङ्ग
क्याम्पसको प्रमुखको नाम: प्रा. डा राम प्रसाद उपाध्याय (२०७७।८।१९ देखि २०८१।१०।१)
सह प्रा डा सुदर्शन सिलवाल (२०८१।१०।२ देखि कार्यरत )
लेखाप्रमुखको नाम: हुम बहादुर थापा ( २०७६।५।१३ देखि कार्यरत )
अन्तिम भौचर: ४९८

## बैंक खाताको विवरण

| बैंकको नाम | खाता नं | बैंक स्टेटमेण्ट अनुसार | क्यासबुक अनुसार | बैंकमा बढी /(घटी) |
|---|---|---|---|---|
| नेपाल बैंक लि. खर्च खाता | ०२२११६००४०३०३७००००००१/बचत | ६६३४५२४ | ६६२९९७४ | ४५५० |
| नेपाल बैंक लि. खर्च खाता | ०२२००१००४०३०३७००००००२/चल्ती | १००० | १००० | ० |
| नेपाल बैंक लि. आम्दानी खाता | ०२२११६००४०६५१६००००००१/बचत | १०८४६२२३ | १०८४१२२३ | ५००० |
| नेपाल बैंक लि. आम्दानी खाता | ०२२००१००४०६५१६००००००२/चल्ती | १२६७५३ | १२६७५३ | ० |
| नेपाल बैंक लिमिटेड अक्षयकोष | ०२२००१०७६५२२५१००००००१/अक्षय | १०५००० | १०५००० | ० |
| राष्ट्रिय वाणिज्य बैंक | ३३७०१०००००८९८००१/चल्ती | २४३९५१ | २४३९५१ | ० |
| ग्लोवल आइएमइ बैंक | १२११०१००००००४५/बचत | ८३२१४६ | ८३२१४६ | ० |
| | बैक जम्मा रु. | १८७८९५९८ | १८७८००४८ | ९५५० |
| नेपाल बैंक लिमिटेड (मुद्दती) | ०२२०२२००४०६५१६००००००८/मुद्दती | ३००००००० | ३००००००० | |
| | मुद्दती खाता जम्मा | ३००००००० | ३००००००० | ० |
| | कुल जम्मा | ४८७८९५९८ | ४८७८००४८ | ९५५० |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | | यस यस क्याम्पसको आ.व. २०८१/२०८२ मा भए गरेका आर्थिक कारोवारहरुको बिल, भर्पाई, स्याहा श्रेस्ता एवं प्राप्त जानकारीको आधारमा नियमित तथा आन्तरिक तर्फको लेखापरीक्षण सम्पन्न गरी त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५०(२०७४।०४।२९ गते सम्मको संशोधन सहित) परिच्छेद ९ को दफा ४५(२) बमोजिम आन्तरिक लेखा परीक्षण प्रतिवेदन पेश गरेका छौं । | | |
| | | | **लेखापरीक्षण अवधिमा दाखिला -** आन्तरीक लेखापरीक्षण अवधिमा बिद्युत जरिवानाको रु ३८०। दाखिला भएको छ । | | |
| | | | **क) लेखापध्दती र बित्तीय प्रणाली सम्बन्धी त्रूटी :** | | |
| १. | | | **संञ्चालन नतिजा** – क्याम्पसबाट प्रस्तुत यस आ ब २०८१।८२ को आर्थिक बिवरण अनुसार क्याम्पसको आय रु ४,०८,०९,४५४।५३ र त्रि बि बाट भएको बजेट निकाशा रु ५,९८,८१,६४३।६८ समेत कुल आय रु १०,०६,९१,०९८।२१ रहेकोमा पुजिगत समेत संचालन खर्च ९,४२,५८,७७४।३४ भइ कुल बचत रु ६४,३२,३२३।८७ बासलातमा सारेको छ । क्याम्पसवाट प्रस्तुत बित्तीय बिश्लेषण गर्दा गत बर्षको तुलनामा यस बर्षको आम्दानी १४.०८ प्रतिशत बढेको, निकाशा १०.७२ प्रतिशत घटेको र जम्मा आम्दानी २.०९ प्रतिशत घटेको छ भने यसबर्षको खर्च २.८४ प्रतिशतले घटी खुद बचत १०.२४ प्रतिशतले बढेको छ । क्याम्पसले आन्तरीक श्रोत तर्फको कार्यक्रमहरुको छुट्टै बित्तीय बिवरण पेश नभएकोले तत्सबन्धमा बिश्लेषण गर्न सकिने अवस्था रहेन । यस सम्बन्धी बिश्लरषण देहायको चार्टमा समेत प्रस्तुत गरीएको छ । | | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | |  | | |
| २. | | | **बैक समायोजन हिसाव** – यस क्याम्पसको लेखा तथा स्रेस्ता अनुसार २ बैंक हिसावमा खाता अनुसारको बैंक मौज्दात भन्दा बैंक स्टेटमेण्टमा रु ९५५०। बैंक बढी देखिएकोमा बैंक समायोजन हिसाव तयार गरी हिसाव मिलान गरेको छ । | | |
| ३. | | | **निबृत्तिभरण तथा उपदान कोष** - त्रि बि आन्तरीक श्रोत परीचालन निर्देशिका २०७१ को दफा ६ (१) (क) मा अनुमानित बजेटको कम्तीमा ३० प्रतिशत रकम पूजीगत शिर्षकमा १० प्रतिशत रकम सम्बन्धित निकायको जगेडा कोषमा १० प्रतिशत रकम त्रि वि केन्द्रीय कार्यालयमा र बाकी रकम संचालन खर्चमा बिनियोजन गर्न सकिने र दफा ६(३) मा यसरी केन्द्रीय कार्यालयको लागि छुटयाइएको रकम प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रमा त्रि बि केन्द्रीय कोषमा जम्मा गरी सक्नुपर्ने व्यवस्था रहेकोमा क्याम्पसको यस बर्षको यस बर्षको आन्तरीक आय रु ४,०८,०९,४५५। को १० प्रतिशतले हुने रु ४०,८०,९४५। उक्त कोषमा दाखिला गरेको नदेखिएकोले अविलम्ब दाखिला गर्नुपर्ने रु | ४०,८०,९४५ । | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | | साथै आ ब २०७९।८० को आन्तरीक आय रु ३,४०,७०,९३०। को १० प्रतिशतले हुने रु ३४,०७,०९३। त्रि बि निवृत्तीभरण तथा उपदान कोषमा दाखिला नभएको भनि गत आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएकोमा यस वर्ष सो रकम दाखिला भएको नदेखिएकोले सो रकम समेत दाखिला हुनुपर्दछ । | | |
| ४. | | | **स्वास्थ्य उपचार कोष** - विद्यार्थी स्वास्थ्य उपचार कोष र शिक्षक कर्मचारी स्वास्थ्यो उपचार कोषको व्यवस्था कार्यान्वयन भएको देखिएन । | | |
| ५. | | | **दायित्व फरफारक सम्वन्धमा** — प्रस्तुत आर्थिक विवरणको अनुसुचि २(क) अनुसार रु २१०२०१७२।६३ दायित्व बाँकी रहेको मध्ये अन्य दायित्व रु २,००,४४,१७०।१३ रहेको देखिन्छ । गत वर्षहरुदेखि नै बाँकी देखिएका, प्रयोजन सकिएका र माग दाबी नहुने दायित्वहरुको पहिचान गरी, नियमको प्रकृया पुरा गरी आम्दानी गर्नुपर्ने देखिन्छ । | | |
| ५.१. | | | अन्य दायित्व भित्र भुक्तानी दिनुपर्ने दायित्व रु १२,९२,६१५।१३ देखाएकोमा सो रकम कसलाइ के बापतको भुक्तानि दिनुपर्ने हो सो खुलाएको छैन । सो खुलाइ वास्तविक भुक्तानी गर्नु नपर्ने दायित्व सुनिश्चित गरी लेखामा आम्दानी बाध्नुपर्ने देखिन्छ । | | |
| ५.२. | | | अन्य दायित्व भित्र मुद्दती कोष /ग्लोबल बैंकमा बिगत देखि रु ७४१८०१।दायित्व देखाएको छ । सो रकम बिश्व बिद्यालय कोष अन्तर्गत ०२।००८ अक्षय कोषमा सारी सोको प्रतिफल लक्षित कार्यमा प्रयोग गरिनुपर्दछ । | | |
| ६. | | | **पेश्की बाँकी** - त्रि.वि.आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धि नियम, २०५० को नियम ३४ अनुसार पेश्की लिने विश्वविद्यालयको शिक्षक तथा कर्मचारीले यस नियममा तोकिएको पेश्की फछ्र्यौट गर्नु पर्ने म्याद भित्र पेश्की फछ्र्यौट नगरेमा फछ्र्यौट हुन बाँकी रकममा म्याद नाघेका मितिले वार्षिक १२% का दरले व्याज समेत | | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | | लगाई असुल उपर गर्नु पर्ने व्यवस्था छ । प्रस्तुत आर्थिक विवरण अनुसार गत विगतको रु. ८,१८,८८३।३३ पेश्की बाँकी देखिएको रकम उक्त नियमानुसार १२% व्याज सहित फछ्र्यौट गर्नु पर्ने देखिन्छ । | | |
| ६.१. | | | मिति २०७७।११।५ मा इ डिजिटल नेपाल प्रा लि संग सफ्टवेयर निर्माण गर्न दिएको पेश्की रु ७५०००। हाल सम्म पनि फस्यौंट भएको देखिएन । सो रकम समेत १२ प्रतिशत व्याज लगाइ असुल फस्यौंट गर्नुपर्दछ । | | |
| ६.२. | | | स्वा वि यु बागलुङ्गको लागि विगतमा स्वा वि यु भवन को प्रवेश द्वार र क्याम्पस वरपर पर्खाल सहित पालेघर लगायत भौतिक संरचना निर्माण गर्न रु ७४१८३५ । पेश्की दिएकोमा पर्खाल सहितको पालेघर रु ६३७६१५।२१ र प्रवेश द्वार रु १४२०३४।६७ समेत रु ७७९६४९।८८ मा निर्माण गरी सोको फांटवारी २०६५।११।२० मा पेश भएको देखिन्छ । क्याम्पसले तत्काल सो फांटवारी निरीक्षण गरी पेश्की फस्यौंट गर्नुपर्नेमा नगरी २०७६।३।३१ र २०७८।१।१७ मा पेश्की फस्यौंटको स्वीकृतिको लागि केन्द्रीय कार्यालयमा पेश भएको देखिन्छ । तर सो उपर कारवाही अगाडी नवढेकोले उक्त पेश्की यथावत बाकी रहेको छ । उक्त पेश्की फस्यौंट गर्ने तर्फ कारवाही हुनुपर्दछ । | | |
| ७. | | | **बार्षिक खरिद योजना -** त्रि वि आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को नियम ४९ठ अनुसार सम्बन्धित संगठन वा निकायले वार्षिक १० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने खरिद कार्यको लागि वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष क्याम्पसले वार्षिक खरिद योजना तयार नगरी रु ८३,३५,४५२। पुजिगत खरिद कार्य गरेको देखियो । | | |
| ८. | | | **पूजिगत सम्पत्ति र भौतिक सम्परीक्षण** - आर्थिक विवरणको अनुसूचि १ अनुसार यस बर्षान्तमा रु. रु ८३,३५,४५२। थप भई कुल पूंजीगत सम्पत्ती रु.१५,५१,०५,१३३।५४ रहेको देखिन्छ । क्याम्पसले यस बर्ष २०८२।१।२३ मा सहायक क्याम्पस प्रमुख हरि प्रसाद पाण्डेयको संयोजकत्वमा भौतिक सम्पत्ति | | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | | समिति गठन गरी सो समितिवाट बिज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका सामाग्री बाहेकका क्याम्पसका भौतिक सम्पत्तिको सम्परीक्षण गरी २०८२।३।२२ मा पेश भएको आंशीक भौतिक सम्परीक्षण प्रतिवेदनमा उल्लेखित कार्यान्वयन योग्य सुझावहरु कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै बिज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका सामाग्रीहरुको समेत समेटीने गरी पुर्ण रुपमा भौतिक सम्परीक्षण गरी क्याम्पसको सम्पुर्ण भौतिक सम्पत्तिको अवस्था सुनिश्चित गरीनुपर्दछ । | | |
| ९. | | | **आन्तरीक श्रोतवाट सञ्चालित कक्षा** - त्रि बि आन्तरीक श्रोतवाट सञ्चालित विशेष शैक्षिक कार्यक्रम सञ्चालन सम्वन्धी बिनियम,२०८० को बिनियम १८ मा आन्तरीक श्रोतको कार्यक्रमको आम्दानी र खर्चको बिवरण त्रि बि को प्रचलित लेखा ढाँचामा हरेक कार्यक्रमको लेखा अलग अलग राख्नुपर्ने र वार्षिकरुपमा बासलात तयार गरी आन्तरिक श्रोत र केन्द्रीय कोषको एकिकृत वासलात समेत तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस्तै त्रि बि स्वायत्तता सम्बन्धि नियम २०६२ (२०७३।९।३० सम्मको संशोधन सहित)को दफा १८ मा क्याम्पसको आर्थिक व्यवहार र कारोवारको स्थिति बास्तविक तथा स्पष्टरुपमा देखिने गरी रीत पुर्याइ अद्यावधिक गरी लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । तर क्याम्पसको आन्तरीक श्रोत तर्फको कार्यक्रमको आय र आय आर्जन गर्न लागेको प्रत्यक्ष खर्च र अप्रत्यक्ष खर्चको आम्दानी खर्चको छुट्टै लेखा र बासलात तयार गरी एकिकृत वासलात तयार गरेको देखिएन । यसवाट क्याम्पसको आन्तरीक श्रोतवाट सञ्चालित कक्षा सञ्चालनको बित्तीय स्थिति स्पष्ट र पारदर्शी देखिएन । आन्तरीक श्रोतवाट सञ्चालन गरिने कार्यक्रमको व्यावसायिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने र सोको लेखा त्रि बि लेखा निर्देशिका २०८१ ( त्रि बि कार्यकारी परिषदको मिति २०८१।८।१२ को निर्णय नं ४३५को संशोधन सहित ) बमोजिम स्पष्ट हुनेगरी छुट्टै राखिनुपर्दछ। | | |
| | | | **ग) नियमित हुनुपर्ने र गर्न सकिने आर्थिक कारोवारहरु** | | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १०. | | | **भवन निर्माण** - क्याम्पसको पुरुष छात्रावास भवन निर्माण कार्यको लागि केन्द्रवाट स्वीकृत बहुबर्षीय योजना अनुसार रु ३,८४,०३,३३२।८५ को ड्रइगं डिजायन र लागत अनुमान अन्तगर्त यस बर्ष रु ५६,२४,०५७।२२ (मुअ कर र प्रोभिजनल सम बाहेक) को लागत अनुमान स्वीकृत गरी बिद्यूतीय बोलपत्र मार्फत ३१. ३० प्रतिशत घटी कवोल गर्ने बोलपत्र दाता पावरटेक इन्जिनियरिङ्ग कन्स्ट्रक्शन प्रा लि संग मु अ कर समेत रु ४४,०९,१४०।८९ मा सम्झौता भइ रु ४४,०४,०७६।६० भुक्तानी भइ सम्झौता अनुसारको प्रथम चरणको कार्य सम्पन्न भएको छ । यस अन्तर्गत देखिएका व्यहोरा निम्नानुसार छन् । | | |
| १०.१. | | | शुरु लागत अनुमान अनुसारको निर्माण कार्यको लागि वोलपत्र आह्वान गरी बहुबर्षीय योजना अनुसार बजेटको व्यवस्था गर्नुपर्नेमा बजेटको व्यवस्था अनुसार पुन आंशीक लागत अनुमान तयार गरी पटक पटक वोलपत्र आह्वान गर्नु मितव्ययी पारदर्शी र नियमसम्मत देखिएन । | | |
| १०.२. | | | **लागत अनुमान** - क्याम्पसले परामर्शदाता त्रिबेदी ईन्जिनियरिगं कन्सल्टेन्सी प्रा लि गोठाटार मार्फत पहिलो चरणको निर्माण कार्यको लागत अनुमान तयार गर्दा निम्न कार्यको बागलुङ्ग जिल्लाको २०८१।८२ को जिल्ला दर रेट भन्दा फरक दररेट प्रयोग गरी दरविश्लेषण सहितको लागत अनुमान तयार गर्दा रु १,२१,७३४।११ बढी व्ययभार पर्न गएको देखिएकोले यसमा परामर्शदातालाइ जिम्मेवार बनाइ क्याम्पसलाइ बढी व्ययभार परेको रकम असुल हुनुपर्दछ । | | |
| १०.३. | | | | | |

| सि नं | कार्य | आइटम | इकाइ | परिमाण | जिल्ला दर | प्रयोग दर | बढी दर | बढी रकम | कुल परिमाण | बढी लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढुंगाको गारो लाउने कार्य | सिमेण्ट ओपिसी | मे टन | 0.11 | 14800.00 | 16800.00 | 2000.00 | 212.00 | | |
| | | बालुवा खोलाको | घ मि | 0.47 | 2100.00 | 2500.00 | 400.00 | 188.00 | | |
| | | **बढी प्रति घ मि** | | | | | | **400.00** | | |
| | | ओभर हेड | | | | | | 60.00 | | |
| | | **जम्मा** | | | | | | **460.00** | **54.45** | **25047.00** |
| २ | आर सि सि एम २० | सिमेण्ट ओपिसी | मे टन | 0.40 | 14800.00 | 16800.00 | 2000.00 | 800.00 | | |
| | | खसो बालुवा खोलाको | घ मि | 0.43 | 2100.00 | 2500.00 | 400.00 | 170.00 | | |

| क्र.सं. | मिति | भौ.नं. | | विवरण कैफियत | | | | | | | | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **बढी प्रति घ मि** | | | | | | 970.00 | | | |
| | | | | ओभर हेड | | | | | | 145.50 | | | |
| | | | | **जम्मा** | | | | | | **1115.50** | **115.39** | **128717.88** | |
| | | 3 | दण्डीको कार्य | दण्डी बाध्ने तार | के जि | 10.00 | 126.00 | 145.00 | 19.00 | 190.00 | | | |
| | | | | **बढी प्रति मे टन** | | | | | | **190.00** | | | |
| | | | | ओभर हेड | | | | | | 28.50 | | | |
| | | | | **जम्मा** | | | | | | **218.50** | **13.94** | **3046.33** | |
| | | | | ३ कार्यको जम्मा | | | | | | | | 156811.21 | |
| | | ४ | | **मु अ कर समेत जम्मा** | | | | | | | | **177196.66** | |
| | | | | टेण्डर प्रकृयामा घटेको ३१.३०% | | | | | | | | 55462.56 | |
| | | | | असुल गर्नुपर्ने | | | | | | | | 121734.11 | |
| १०.४. | | | | **बोलपत्र कागजातको स्वीकृति** - निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्न त्रि बि आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को नियम ५१द बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार भए पछि बोलपत्र आह्वान गर्नु अगावै सम्बन्धित नियम ४९झ बमोजिमको अधिकारीले बोलपत्र कागजात स्विकृत गरेको देखिएन | | | | | | | | | |
| १०.५. | | | | **खरिद सम्झौताको सार्वजनिक सूचना** - त्रि बि आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धि नियम २०५० को नियम ६७ब मा खरिद सम्झौता सम्पन्न भए पछि सङ्गठन वा निकायले बोलपत्र मूल्यांकनको परिणामको सूचना ३ दिन भित्र सम्बन्धित सङ्गठन वा निकायले आफ्नो सूचनापाटी र सम्बन्धित सङ्गठन वा केन्द्रीय कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । क्याम्पसले यस भवन निर्माणको खरिद सम्झौता गरेकोमा सोको पालना भएको देखिएन । | | | | | | | | | |

<table>
<tr><th>क्र.सं.</th><th>मिति</th><th>भौ.नं.</th><th>विवरण कैफियत</th><th>बेरुजु रकम</th><th>असूल उपर गर्नुपर्ने रकम</th></tr>
<tr><td>१०.६.</td><td></td><td></td><td>एजबिल्ट नक्शा - त्रि बि आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को नियम ६७ ङ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सम्बन्धित संगठन वा निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । क्याम्पसले यस भवन निर्माण कार्यको सम्झौताको बि ओ क्यू मा तत्सम्बन्धमा व्यवस्था नभएकोले निर्माण व्यवसायिले पहिलो चरणको निर्माण सम्पन्न पश्चात निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गरेको छैन। बहुबर्षीय योजनाको पहिलो चरणको निर्माण कार्यको नै एज बिल्ट नक्शा पेश नभएकोले पछिल्लो चरणको निर्माण कार्य तथा निर्माण पश्चातको व्यवस्थापनमा समस्या देखिने अवस्था रहेको छ ।</td><td></td><td></td></tr>
<tr><td>१०.७.</td><td></td><td></td><td>निर्माण कार्यको बिमा - त्रि बि आर्थिक व्यवस्थापन तथा खरिद सम्वन्धी नियम २०५० को नियम ६७ (१) (घ) बमोजिम निर्माण व्यवसायीलाइ निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरीने मिति सम्म जुनसुकै कारणवाट हुने हानी नोक्सानी बिरुध्द बीमा गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले यस निर्माण कार्यको नेको इन्सुरेन्स कम्पनिको २०८३।४।१३ सम्मको अवधि समेटीने गरी तदनुसारको बिमा पोलिसी पेश गर्नुपर्नेमा २०८२।३।२४ सम्मको अवधि समेटीने गरी रु ५०७०५११। को बीमा पोलिसी पेश भएकोले उक्त अवधि सम्मको वीमा पोलिसी पेश हुनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>११.</td><td></td><td></td><td>ननफाइलर - यस भवन निर्माणका परामर्शदाता त्रिबेदी ईन्जिनियरिगं कन्सल्टेन्सी प्रा लि (606525996) 2081/2/T देखि आन्तरीक राजस्व बिभागको वेभसाइटमा ननफाइलर देखिएकोले निजलाइ भुक्तानी भएको मु अ कर रकमको कर समायोजन पत्र पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>मिति</th><th>बिल भुक्तानी रकम</th><th>मु अ कर भुक्तानी रकम</th></tr>
<tr><td>३२८</td><td>२०८२.१.१०</td><td>१५८२००</td><td>२०५६६</td></tr>
<tr><td>४०३</td><td>२०८२.३.२</td><td>१३५६००</td><td>१७६२८</td></tr>
<tr><td>४८०</td><td>२०८२.३.३०</td><td>१९२१००</td><td>२४९७३</td></tr>
<tr><td>२०१</td><td>२०८१.९.२४</td><td>११३०००</td><td>१४६९०</td></tr>
<tr><td>२६४</td><td>२०८१.११.१८</td><td>११३०००</td><td>१४६९०</td></tr>
</table></td><td>९२५४७</td><td></td></tr>
</table>

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | | जम्मा ७११९०० ९२५४७ | | |
| १२. | २०८१।९।२३ | २०० | **थेसिस -** व्यवस्थापन संकायको बिभागीय प्रमुख यम प्रसाद शर्माको अध्यक्षतामा बसेको बैठकको निर्णयमा MBS को थेसिसको मुल्यांकन गर्न बिद्यार्थीवाट रु १००००। उठाएको रकमवाट आन्तरीक सुपरीवेक्षकलाइ रु ४०००। प्रति थेसिस बाह्य सुपरीवेक्षकलाइ रु १५००। र बाकी रकम बिभागीय कार्य र डीन कार्यालयमा पठाउने निर्णय भएकोमा निम्न भौ नं वाट ७ जना पदाधिकारीलाइ थेसिस मुल्यांकनको पारीश्रमिक रु ३८०००। भुक्तानी गर्दा आन्तरीक सुपरीवेक्षकको स्थानमा शोध निर्देशकलाइ रु ४०००।का दरले ३ शोध निर्देशकलाइ भुक्तानी भएको रु १६०००। भुक्तानी दिने आधार कार्य समितिको निर्णय पेश गर्नुपर्ने रु | १६००० | |


| सि नं | नाम थर र | पद | शोध संख्या | दर | रकम |
|---|---|---|---|---|---|
| १ | राजाराम कंडेल | अध्यक्ष व्यवस्थापन समिति | ४ | ४००० | १६००० |
| २ | सुदर्शन सिलवाल | शोध निर्देशक | १ | ४००० | ४००० |
| ३ | बिप्लव शर्मा | शोध निर्देशक | १ | ४००० | ४००० |
| ४ | खगराज शर्मा | शोध निर्देशक | २ | ४००० | ८००० |
| ५ | बिप्लव शर्मा | आन्तरीक मुल्यांकन कर्ता | २ | १५०० | ३००० |
| ६ | जोन बज्राचार्य | आन्तरीक मुल्यांकन कर्ता | १ | १५०० | १५०० |
| ७ | रेशमलाल सापकोटा | आन्तरीक मुल्यांकन कर्ता | १ | १५०० | १५०० |
| | | जम्मा | १२ | बिभिन्न | ३८००० |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १३. | | | **खर्च प्रमाणिकरण -** त्रि बि आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को नियम २४(११)(घ) मा बिश्वविद्यालयको कुनै सङ्गठन वा निकाय प्रमुखले कुनै रकमको भुक्तानी दिंदा भुक्तानी दिनुभन्दा अगाडी रीत पुगे नपुगेको जाचं गर्नुपर्ने र खर्च भएको सबै रसिद बिल भरपाइहरुमा निजले वा निजले तोकेको अधिकृत कर्मचारीले दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ। यस क्याम्पसमा निम्न मिति र भौचरवाट कार्यालय बिविध, अतिथि सत्कार , बैठक खर्च र बिद्यार्थी कल्याण खर्चका लागि चिया खाजा आदी क्याम्पसको क्याण्टीनवाट उपयोग गरेवापत क्याण्टीनवाट पेश भएको डायरी टिपोटको फोटोकपी र सोको पाना नं मात्र उल्लेख गरी बिजक जारी गरेको देखियो । सो बिजकमा संख्या उल्लेख नगरी पाना नं मात्र उल्लेख भएको र डायरीको फोटोकपी सि नं नभएको र सो टिपोटमा पेश गर्ने क्याण्टीन सञ्चालकको दस्तखत नभएको र क्याम्पस प्रमुखवाट समेत प्रमाणीत भएको नदेखिएकोले सो खर्चको बील भरपाइ रितपुर्वक भएको देखिएन ।यस्तो बिजक भुक्तानी गर्दा रित पुगे नपुगेको जांचबुझ गरी मात्र भुक्तानी गरिनु पर्दछ । | | |

| भौ नं | मिति | बिल नं | मिति | पेज नम्बर | बिल रकम |
|---|---|---|---|---|---|
| २१४ | २०८१।९।२९ | ६९४ | २०८१।९।२८ | १ देखि ७ | १९९७५ |
| | | ६९२ | २०८१।९।६ | १ देखि ८ | १९९९० |
| | | ६९५ | २०८१।९।२९ | २ देखि ७ | १३४४५ |
| | | | **जम्मा** | | ५३४१० |
| २७२ | २०८१।११।२७ | ७२९ | २०८१।१०।५ | १ देखि३ | ९२३० |
| | | ७३० | २०८१।१०।१२ | १ देखि ३ | १७६३० |
| | | ७३१ | २०८१।१०।२७ | १ देखि३ | १८५६० |
| | | ७३२ | २०८१।११।४ | १ देखि ३ | १२८५० |
| | | | **जम्मा** | | ५८२७० |
| ३०० | २०८१।१२।२९ | ७५२ | २०८१।१२।५ | १२ | १९००० |
| | | ७५८ | २०८१।१२।५ | १२ | १९००० |
| | | ७५४ | २०८१।१२।५ | १२ | १९००० |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | | ७५५ २०८१।१२।५ १२ ११९४५ | | |
| | | | जम्मा ६८९४५ | | |
| | | | कुल जम्मा १८०६२५ | | |
| १४. | | | **नन् क्रेडिट कक्षा** - यस क्याम्पसका बिद्यार्थीहरुको सिप बिकासको लागि नियमित Credit hour को कक्षाको अतिरिक्त बिभिन्न बिषयको नन् क्रेडिट आवर बिषयका कक्षा समेत सञ्चालन भएको देखिन्छ । यस नन क्रेडिट आवरका कक्षा सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | | |
| १४.१. | २०८२।३।२९ | ४७६ | BBA सातौ सेमेष्टरका बिद्यार्थीहरुका लागि NFRS (6 hours), Advance MS Excel (18 hours), Taxation(12 hours) र Business Firm and Company (12 hours) बिषयको Non-Credit hour Course सञ्चालन गरे वापत ग्लोवल टच प्रा लिलाइ रु १,६८,३७०। भुक्तानी गरेकोमा उक्त बिषयका प्रशिक्षकहरुको हाजिरी संलग्न देखिएन । उक्त संस्था संगको २ जुन २०२५ को सम्झौतामा कम्पनीको तर्फवाट Highly Qualified र Experience facilitators बाट कक्षा सञ्चालन गरिने भनेता सम्झौताका बखत सो पुष्टीहुने कागजात तथा अभिलेख रहेको देखिएन । लेखापरीक्षण अवधिमा मात्र उक्त बिषयमा कक्षा सञ्चालन गरेका विषय बिज्ञ ३ र निजका सहायक ३ जनाको बिवरण पेश भएकोले सम्झौताका बखत नै बिज्ञहरुको समेत बिवरण समेत राखि सम्झौता गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। | | |
| १४.२. | २०८१।१२।१३ | २९२ | Bed चौथो वर्षका बिद्यार्थीहरुका लागि शैक्षिक सामाग्री निर्माण सिप सम्बन्धी Non-Credit Course मिति २०८१।११।१३ देखि २०८१।१२।५ सम्म १ क्रेडिट आवरको रु १२५००। भुक्तानी गरेकोमा प्रशिक्षक लक्ष्मी आचार्यको बिद्युतीय हाजिरी पेश हुनुपर्ने अन्यथा सो रकम असुल गर्नुपर्ने रु | | |
| १५. | | | **मर्मत तथा खरिद** -क्याम्पसल् मर्मत तथा खरिद मर्मत कार्य गर्दा खरिद माग पत्र प्रास गर्नु पर्ने भनि सार्वजनिक खरिद नियमावली २०६३ को परिच्छेद २ नियम ५ मा व्यवस्था भएकोमा यस क्याम्पसले सो नियमलाई पालना गरेको नदेखिएको, सम्बन्धित व्यक्ति वा शाखाको माग पत्र, पूर्वलागत अनुमान, स्विकृति र काम सम्पन्न भए पछि सम्वन्धित शाखा वा व्यक्तिबाट काम सम्पन्नको सिफारिश पछि मात्र भुक्तानी हुनु पर्नेमा र | | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| | | | त्रि.वि.आ.व्य.तथा खरिद सम्बन्धी नियम २०५० को (२०७३।९।२० गतेसम्मको संशोधित) परिच्छेद ११ दफा ४९थ अनुसार आन्तरिक राजस्व कार्यालयमा दर्ता भएका विक्रेता वा आपुर्तिकर्ता, मर्मतकर्ता वा संगठित संस्था, व्यक्तिको सूचि लिई सुचिकृत गरि सामान खरिद गर्नुपर्नेमा सो भए गरिएको नदेखिएकोले यसमा सुधारका लागि पुन औल्याइएको छ । | | |
| १६. | | | **भ्रमण भत्ता** - क्याम्पसमा आयोजित अद्यमशिल सहयोग कार्यक्रममा २०८२/१/४ देखी २०८२/१/५ सम्म प्रेसिडेन्सी क्याम्पस भरतपुरका उप.प्रा. डोलेन्द्र पौडेललाई आमन्त्रीत पत्र र सम्वन्धीत क्याम्पसले उक्त कार्यक्रममा सहभागी हुन खटाइएको पत्र वेगर भ्रमण भत्ता मिति २९८२/३/३२ मा भौचर नं. ४९० बाट रु. ६३००।— भुक्तानी भएकोले आवश्यक कागजात संलग्न गरी खर्च नियमित गर्नु पर्दछ । | | |
| १७. | | | **आर्थिक सहयोग** - त्रिभुवन विश्वविद्यालयले कुनै पनि संघ सस्थाहरुलाई आर्थिक सहयोग नगर्ने नीति अविलम्बन गरी पटक पटक परिपत्र गरिसकेको साथै आर्थिक सहयोग शिर्षकमा बजेटको व्यवस्था समेत नभएको अवस्थामा पनी क्याम्पसबाट गौवर युवा एकता तथा पिडीत उद्धार सेवालाई भौचर नं. ६८ र ३६० बाट रु.४०००।— दुइ पटक गरी ८०००।— खर्च लेखी आर्थिक सहयोग गरेको पाईएकोले यसरी आर्थिक सहयोग गर्ने कार्य अविलम्ब रोक्नु पर्दछ। | | |

<table>
<tr><th>क्र.सं.</th><th>मिति</th><th>भौ.नं.</th><th>विवरण कैफियत</th><th>बेरुजु रकम</th><th>असूल उपर गर्नुपर्ने रकम</th></tr>
<tr><td>१८.</td><td></td><td></td><td>**आम्दानी तर्फ** - क्याम्पसको कुल आम्दानी गत बर्षको रु १०२८४४८९१।९८ रहेकोमा यस बर्ष २.०९ प्रतिशत कमी भई रु १००६९१०९८।२१ रहेको छ । यस्तै क्याम्पसको निकाशा बाहेकको कुल आम्दानी गत बर्षको रु ३५७७३८३८।०१ रहेकोमा यस बर्ष १४.०८ प्रतिशत बृध्दी भई रु ४०८०९४५४।५३ रहेको छ । यसलाइ निम्न चार्टमा प्रस्तुत गरीएको छ ।<br><br><br>यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ ।</td><td></td><td></td></tr>
<tr><td>१८.१.</td><td></td><td></td><td>**विद्यार्थी शिक्षण शुल्कमा छुट** - क्याम्पसको विद्यार्थीहरुको लाग्ने भर्ना शुल्क शिक्षण शुल्क, त्रिभुवन विश्वविद्यालयले दिएको निर्देशन अनुसार त्रि.वि. कार्यकारी बाट पारित गरे अनुसार नियमित शुल्क उठाउनु पर्ने र आन्तरिक आय बढाउनको लागि त्रि.वि.डीन कार्यालय तथा क्याम्पसको कार्यसमितिले पारित गरे अनुसार शुल्क उठाई आम्दानी बढाउनु पर्दछ । यो वर्ष क्याम्पसको क्याम्पस शिक्षण शुल्क भर्ना शुल्क तथा अन्य शुल्कमा समेत छुट दिई निम्नानुसार रु १०,८५,७८८। कम शुल्क उठाएको देखिएकोले आम्दानी गुमेको देखियो । त्रि वि स्वायत्तता सम्बन्धी नियम २०६२ मा क्याम्पस प्रमुखले कार्यविधिको आधारमा छात्रबृत्ति दिन मिल्ने तर शुल्क छुट दिन मिल्ने प्राबधान भएको देखिदैन । क्याम्पसले नियममा व्यवस्था गरी मात्र कार्यविधी वनाइ शुल्क छुट दिने र शुल्क छुट दिइ क्याम्पसको आयमा असर पर्ने कार्यलाइ पूर्णतया नियन्त्रण गर्नुपर्ने देखिन्छ ।<br><table><tr><th>सि नं</th><th>बिद्यार्थीको नामा</th><th>बिषय</th><th>तह</th><th>उठाउनु पर्ने शुल्क</th><th>असुल भएको शुल्क</th><th>छुट दिएको शुल्क</th></tr><tr><td>१</td><td>गंगा निउरे</td><td>BA</td><td>दोस्रो वर्ष</td><td>१५२७५</td><td>८९२५</td><td>६३५०</td></tr></table></td><td></td><td></td></tr>
</table>

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | | | | | | | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | अस्मित शर्मा | BA | प्रथम वर्ष | १७०५० | २००० | १५०५० | | |
| | | | ३ | अंजु कुमाल | BA | प्रथम वर्ष | १७०५० | ८००० | ९०५० | | |
| | | | ४ | नर्मला संज्याल | BA | प्रथम वर्ष | १६५७० | १०६५० | ५९२० | | |
| | | | ५ | संन्तोष शर्मा पौडेल | BA | दोस्रो वर्ष | १५४७५ | ५५०० | ९९७५ | | |
| | | | ६ | अशोक थापामगर | BA | दोस्रो वर्ष | १५४७५ | ७७३५ | ७७४० | | |
| | | | ७ | संगम बोहोरा | BA | दोस्रो वर्ष | १५४७५ | ७८४० | ७६३५ | | |
| | | | ८ | जमुना निउरे | BA | दोस्रो वर्ष | १५४७५ | ८९२५ | ६५५० | | |
| | | | | | | जम्मा | **१२७८४५** | **५९५७५** | **६८२७०** | | |
| | | | १ | सचिन हरिजन | BBA | आठौ से. | ४५००० | २०००० | २५००० | | |
| | | | २ | सम्पन्न रेग्मी | BBA | आठौ से. | ४५००० | २२५०० | २२५०० | | |
| | | | ३ | करुण सापकोटा | BBA | चौथो से. | ४५००० | ० | ४५००० | | |
| | | | | | | जम्मा | **१३५०००** | **४२५००** | **९२५००** | | |
| | | | १ | कल्पना नकाल | BBS | तेस्रो वर्ष | १४७७५ | २००० | १२७७५ | | |
| | | | २ | इत्सीता बोहारा | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | ३ | दिल बहादुर पाइजा | BBS | प्रथम वर्ष | १७०५० | ६००० | ११०५० | | |
| | | | ४ | संगिता विश्वकर्मा | BBS | प्रथम वर्ष | १७०५० | ४००० | १३०५० | | |
| | | | ५ | किस्मत धर्तिमगर | BBS | प्रथम वर्ष | १७०५० | ४००० | १३०५० | | |
| | | | ६ | विशाल आचार्य | BBS | दोस्रो वर्ष | १५८१० | ५००० | १०८१० | | |
| | | | ७ | प्रकृति थापा | BBS | प्रथम वर्ष | १७०५० | ८५२५ | ८५२५ | | |
| | | | ८ | नारायणी खत्री | BBS | दोस्रो वर्ष | १६९०० | २००० | १४९०० | | |
| | | | ९ | अनिश रोका मगर | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | १० | मनिशा थापा | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | ११ | असोक सुवेदी | BBS | प्रथम वर्ष | १७०५० | २००० | १५०५० | | |
| | | | १२ | सर्वज्ञा केसी | BBS | प्रथम वर्ष | १७०५० | ३००० | १४०५० | | |
| | | | १३ | आर्दश थापामगर | BBS | प्रथम वर्ष | १७०५० | २००० | १५०५० | | |
| | | | १४ | कल्पना नकाल | BBS | चौथो वर्ष | १६००० | ५००० | ११००० | | |
| | | | १५ | सुरक्षा सापकोटा | BBS | चौथो वर्ष | १६००० | ७००० | ९००० | | |
| | | | १६ | मात्रिका प्रसाद शर्मा | BBS | तेस्रो वर्ष | १५८१० | ८००० | ७८१० | | |
| | | | १७ | प्रवेश शर्मा | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | १८ | सन्देश वि.क. | BBS | प्रथम वर्ष | १७०५० | ११०५० | ६००० | | |

| क.सं. | मिति | भौ.नं. | विवरण कैफियत | | | | | | | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९ | मनिषा शर्मा | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | २० | सुप्रिया नेपाली | BBS | प्रथम वर्ष | १६४६५ | १०००० | ६४६५ | | |
| | | | २१ | प्रशिक्षा किसान | BBS | प्रथम वर्ष | १७०५० | १२००० | ५०५० | | |
| | | | २२ | सिर्जित अधिकारी | BBS | प्रथम वर्ष | १७०५० | ६५०० | १०५५० | | |
| | | | २३ | सुजन निउरे | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | २४ | सुवास सापकोटा | BBS | प्रथम वर्ष | १७०५० | ५००० | १२०५० | | |
| | | | २५ | राम प्रसाद कंडेल | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | २६ | रोशनी खड्का | BBS | प्रथम वर्ष | १७०५० | २००० | १५०५० | | |
| | | | २७ | सोफिया सापकोटा | BBS | दोस्रो वर्ष | १४९७५ | ७४९० | ७४८५ | | |
| | | | २८ | पवित्रा सुवेदी | BBS | दोस्रो वर्ष | १४९७५ | १०००० | ४९७५ | | |
| | | | २९ | प्रदिप आर्चाय | BBS | प्रथम वर्ष | १७०५० | ७००० | १००५० | | |
| | | | | | | जम्मा | ४८२७१० | १७८५६५ | ३०४१४५ | | |
| | | | १ | रेखा शर्मा | Bed | तेस्रो वर्ष | १४१६५ | ३००० | १११६५ | | |
| | | | २ | प्रतिमा शर्मा | Bed | तेस्रो वर्ष | १४१६५ | ३००० | १११६५ | | |
| | | | ३ | अस्मिता शर्मा | Bed | तेस्रो वर्ष | १४१६५ | ५००० | ९१६५ | | |
| | | | ४ | अन्जु गौतम | Bed | प्रथम वर्ष | १५३०३ | ५००० | १०३०३ | | |
| | | | ५ | ऋतिका शर्मा | Bed | प्रथम वर्ष | १५३३० | ४००० | ११३३० | | |
| | | | ६ | हुकुम सुनार | Bed | प्रथम वर्ष | १५३३० | ७००० | ८३३० | | |
| | | | ७ | सविता शर्मा | Bed | प्रथम वर्ष | १५३३० | ५००० | १०३३० | | |
| | | | ८ | चन्द्रकला वि.क. | Bed | प्रथम वर्ष | १५३३० | ४००० | ११३३० | | |
| | | | ९ | रेखा शर्मा | Bed | चौथो वर्ष | १५२०० | ७००० | ८२०० | | |
| | | | १० | मिना परियार | Bed | तेस्रो वर्ष | १५००० | ७००० | ८००० | | |
| | | | ११ | संझना वि.क. | Bed | तेस्रो वर्ष | १५००० | ७००० | ८००० | | |
| | | | १२ | गृष्मा नेपाली | Bed | प्रथम वर्ष | १५३३० | १००० | १४३३० | | |
| | | | १३ | दिपेश परियार | Bed | प्रथम वर्ष | १६४६५ | १०००० | ६४६५ | | |
| | | | १४ | दिपा वि.क. | Bed | प्रथम वर्ष | १६४६५ | १०००० | ६४६५ | | |
| | | | १५ | विकल्प धर्ति मगर | Bed | प्रथम वर्ष | १६४६५ | ३००० | १३४६५ | | |
| | | | १६ | रेखा थापा | Bed | प्रथम वर्ष | १६४६५ | ५००० | ११४६५ | | |
| | | | १७ | विन्दु जिसी | Bed | दोस्रो वर्ष | १५००० | ७५०० | ७५०० | | |
| | | | १८ | अस्मिता रोका | Bed | प्रथम वर्ष | १६४६५ | १००६५ | ६४०० | | |
| | | | १९ | रजनी घर्ती | Bed | प्रथम वर्ष | १४४६५ | ८००० | ६४६५ | | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | | | | | | | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० | सृजना थापा | Bed | प्रथम | १६४६५ | ८००० | ८४६५ | | |
| | | | | | | जम्मा | ३०७९०३ | ११९५६५ | १८८३३८ | | |
| | | | २१ | इच्छा बोहरा | BSC | प्रथम | ३७२५० | १८००० | १९२५० | | |
| | | | २२ | आकाश अधिकारी | BSC | दोस्रो वर्ष | ३५९५५ | १२००० | २३९५५ | | |
| | | | २३ | सेमन्त शर्मा | BSC | प्रथम वर्ष | ३७५०० | २५००० | १२५०० | | |
| | | | २४ | ममता शर्मा | BSC | प्रथम वर्ष | ३७२५० | १८००० | १९२५० | | |
| | | | २५ | शोभा शर्मा | BSC | प्रथम वर्ष | ३७२५० | १०००० | २७२५० | | |
| | | | २६ | सरु थापा | BSC | प्रथम वर्ष | ३७२५० | २२००० | १५२५० | | |
| | | | २७ | पुजा घर्ती | BSC | प्रथम वर्ष | ३७२५० | १३००० | २४२५० | | |
| | | | २८ | अंजु वि.क. | BSC | प्रथम वर्ष | ३७२५० | १०००० | २७२५० | | |
| | | | २९ | सचना हमाल | BSC | दोस्रो वर्ष | ३५९५५ | २०००० | १५९५५ | | |
| | | | ३० | सेमिका गौतम | BSC | प्रथम वर्ष | ३७२५० | १८६२५ | १८६२५ | | |
| | | | | | | जम्मा | ३७०१६० | १६६६२५ | २०३५३५ | | |
| | | | १ | दिलिप बुढाथोकी | MA | तेस्रो सेमेसटर | २५००० | ८००० | १७००० | | |
| | | | २ | श्याम वि.क. | MA | तेस्रो सेमेसटर | २३५०० | ८५०० | १५००० | | |
| | | | ३ | गीता बुढामगर | MA | प्रथम सेमेस्टर | २५००० | १२५०० | १२५०० | | |
| | | | ४ | संगिता पराजुली | MA | दोस्रो सेमेस्टर | २५००० | १५००० | १०००० | | |
| | | | ५ | दिलिप बुढाथोकी | MA | चौथो से. | २५००० | ८००० | १७००० | | |
| | | | ६ | अस्मिन शेख | MA | प्रथम सेमेस्टर | २५००० | ९००० | १६००० | | |
| | | | ७ | पशुपति खत्री | MA | दोस्रो सेमेस्टर | २५००० | २३००० | २००० | | |
| | | | ८ | लालमति खत्री | MA | दोस्रो सेमेस्टर | २५००० | २३००० | २००० | | |
| | | | ९ | बाबुराम खत्री | MA | दोस्रो सेमेस्टर | २५००० | २३००० | २००० | | |
| | | | | | | जम्मा | २२३५०० | १३०००० | ९३५०० | | |
| | | | १ | विन्दु परियार | MBS | दोस्रो सेमेस्टर | २५००० | १२५०० | १२५०० | | |
| | | | २ | सुनिल पौडेल | MBS | दोस्रो सेमेस्टर | २५००० | १५००० | १०००० | | |
| | | | ३ | सृष्टि आचार्य | MBS | दोस्रो सेमेस्टर | २५००० | १५००० | १०००० | | |
| | | | ४ | कृष्ण पौडेल | MBS | दोस्रो सेमेस्टर | २५००० | २०००० | ५००० | | |
| | | | ५ | सुमन पौडेल | MBS | दोस्रो सेमेस्टर | २५००० | १५००० | १०००० | | |
| | | | ६ | रक्षा शाह | MBS | दोस्रो सेमेस्टर | २५००० | १०००० | १५००० | | |
| | | | ७ | सुनिल गौतम | MBS | दोस्रो सेमेस्टर | २५००० | १०००० | १५००० | | |
| | | | ८ | सीता वि.क. | MBS | प्रथम सेमेस्टर | २५००० | २०००० | ५००० | | |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | प्रमिल कंडेल | MBS | प्रथम सेमेस्टर | २५००० | ९००० | १६००० |
| १० | सुमन पौडेल | MBS | प्रथम सेमेस्टर | २५००० | २०००० | ५००० |
| | | | जम्मा | **२५००००** | **१४६५००** | **१०३५००** |
| १ | श्रृष्टि शर्मा निउरे | MED | प्रथम सेमेस्टर | २५००० | १७५०० | ७५०० |
| २ | बाबुराम खत्री | MED | प्रथम सेमेस्टर | २५००० | १७५०० | ७५०० |
| ३ | लालमति खत्री | MED | प्रथम सेमेस्टर | २५००० | १७५०० | ७५०० |
| ४ | पशुपति खत्री | MED | प्रथम सेमेस्टर | २५००० | १७५०० | ७५०० |
| ५ | अनिल कुमार उपाध्याय | MED | प्रथम सेमेस्टर | २५००० | २३००० | २००० |
| | | | जम्मा | **१२५०००** | **९३०००** | **३२०००** |
| | | | कुल जम्मा | **२०२२११८** | **९३६३३०** | **१०८५७८८** |

१९.

**सटर भाडा** - सटर भाडा असुल गर्दा क्याम्पस र सटर भाडामा बस्ने सटर व्यावसायी वीच गरेको संझौतामा उल्लेख गरेको सर्त अनुसार भाडा उठाउनु पर्दछ । क्याम्पसले विभिन्न व्यावसायीहरुसंग भाडामा आर्थिक वर्ष ०८१/०८२ आषाढ मसान्त सम्मको सटर भाडा प्रयोग गरे वापत निम्न अनुसारका व्यावसायीहरुले भाडा बुझाउन बॉकी देखिएको रु.४६९११५। सम्वन्धित व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रु

| सि.न. | सटर नं. | व्यावसायीको नाम | बुझाउनु पर्ने बार्षिक रकम | बुझाएको रकम | बुझाउनु पर्ने बाकी रकम |
|---|---|---|---|---|---|
| १ | १ र २ | प्रेमबहादुर श्रीस | १९२००० | ० | १९२००० |
| २ | ३ | छविलाल सुवेदी | १२६०६० | ९४५४५ | ३१५१५ |
| ३ | ६ | रामु पौडेल | १३२००० | ६६००० | ६६००० |
| ४ | ७ | रामबहादुर नेपाली | १२९००० | १०७५०० | २१५०० |
| ५ | १७ | सोमबहादुर सार्की (शिवकला घर्तिमगर) | १२६६०० | ० | १२६६०० |
| ६ | १८ | हरिमाया घर्तिमगर | १२६००० | ९४५०० | ३१५०० |
| | | जम्मा रु. | ८३१६६० | ३६२५४५ | ४६९११५ |

असूल उपर गर्नुपर्ने रकम: ४६९११५।

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| २०. | | | खालि सटर - क्याम्पसको उत्तर तर्फ रहेको विज्ञान भवननिर सटर नं. १ देखी ४ सम्म (चार वटा) सटरहरु विगत वर्ष देखी नै खाली रहेको देखियो ४ वटा सटरहरु खाली रहनु भन्दा अगाडी प्रति सटर रु. ५०००।—का दरले भाडामा लगाईको र हाल खाली रहेको सटरहरुको मासिक भाडा रु. २००००।—का दरले बार्षिक रु. २४००००।— आम्दानी गुमेको देखिन्छ । क्याम्पसले प्रतिस्पर्धा गराई सटरहरु भाडामा लगाई आम्दानी वृद्धि गर्ने तर्फ पहल गर्नुपर्ने देखिन्छ । | | |
| | | | **घ) असुलउपर गरिनु पर्ने रकम वा देखिएको वेरुजु** | | |
| २१. | २०८१।१२।८ | २८८ | UNCON अन्तर्गत Environmental Awareness and Solid Waste Management Program अन्तर्गत सिमेण्ट कंक्रिट रिंग १० सेट चितवन देखि बागलुङ्ग सम्म ढुवानी गरेवापत रु २६०००। चितवन भरतपुर ११ का मिन बहादुर मल्ललाइ क्याम्पसका शिक्षक रामचन्द्र शर्माले भुक्तानी गरेकोमा निजले ढुवानी गरेको सवारी साधनको बिवरण नखुलेको र उक्त ढुवानीमा भाडा कर १० प्रतिशतले हुने रु २६००। असुल गरी सम्बन्धित नगरपालिकामा दाखिला गर्नु पर्ने रु | २६००। | |
| २२. | २०८१।८।१४ | १४९ | बढी भुक्तानी - त्रिभुवन विश्वविद्यालय विद्यालय आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियमा २०५०को नियम २४को उपनियम ११(ख) अनुसार लेखा राख्दा विल भरपाई सहित राखु पर्ने व्यवस्था छ । शिक्षण सहायक केदारनाथ शर्मालाई जम्मा कक्षा २२६को रु.११०९२०।— मात्र भुक्तानी गर्नु पर्नेमा रु. १३९२४०।— भुक्तानी गरेकोले रु २८३२०।बढी भुक्तानी गरेकोमा श्रोतामा पारीश्रमिक कर वापत २० प्रतिशतले हुने रु ५६६४। कटाइ बाकी रु २२६५६। असुल गर्नुपर्ने रु. | | २२६५६। |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| २३. | | | दोहोरो भुक्तानी - व्यावस्थापन संकाय अन्त्रगत स्नातकोत्तर तह एम वि एस. को चौथौ वर्षका अध्ययनरत विद्यार्थीहरुको थेसिस गाइड गर्दा निम्न लिखित विद्यार्थीहरुको आन्तरिक सुपरीवेक्षण गर्दा रु. ४०००।— र विभागीय अध्यक्षको रु.४००० गरी रु. ८०००।—ले ३ जनाको २४०००। विभागीय अध्यक्ष रामराजा कंडेललाई भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएको रु १२०००। असुल गर्नुपर्ने रु | | १२०००। |
| | | | **(ङ) आर्थिक अनुशासन कायम राख्न आवश्यक देखिएका कुराहरु** | | |
| २४. | | | आर्थिक अनुशासन कायम राख्न आवश्यक देखिएका देहायका बिषय र गत बर्षको प्रतिवेदनमा औंल्याइएको विषयहरुमा समेत सुधार भएको नदेखिएकोले तत्सम्बन्धमा बिभागको ध्यानाकर्षणका लागि यस बर्ष पनि पुन: औंल्याइएको छ । | | |
| २४.१. | | | आयकर ऐन २०५८ को दफा ९० (१) अनुसार अग्रिम कर कट्टी रकम महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित राजस्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ । क्याम्पसले नियमानुसार समयमा नै अग्रीम कर दाखिला नगरी श्रोतमा कर कट्टी गरेको रकम त्रैमासिकरुपमा दाखिला गरेको देखिएकोले आगामी दिन कर कट्टी रकम समयमै दाखिला गर्नुपर्दछ । | | |

| सि.न. | भौचर नं. | मिति | विद्यार्थीको नाम | रकम |
|---|---|---|---|---|
| १ | ४९ | ०८१/५/३१ | सुन्दर सापकोटा | ४००० |
| २ | ४९ | ०८१/५/३१ | धनकुमारी गौतम | ४००० |
| ३ | ३६१ | ०८२/२/८ | रोशनी भुजेल | ४००० |
| | | जम्मा रु. | | १२००० |

| क्र.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| २४.२. | | | यस क्याम्पसमा पठनपाठनमा मास्टर रुटीङ्ग बनाई संलग्न गरी नियमित कक्षा भार र अतिरिक्त कक्षाभार छुटयाइ स्थायी वा करार शिक्षकहरुको नियमित कक्षाभार पुरा गरी मात्र अतिरिक्त पारीश्रमिक त्रि.वि.नियमानुसार उपलव्ध गराउनु पर्नेमा मास्टर रुटीङ्ग समावेश गरेका नदेखिएकोले समावेश गरि नियमित कक्षा भार पुरा गरी मात्र अतिरिक्त कक्षा भारलाई भुक्तानी गर्नुपर्ने देखिन्छ । | | |
| २४.३. | | | यस क्याम्पसमा संचालित धवलागिरि बहुमुखी क्याम्पस क्यान्टीनवाट चिया खाजाको खर्च भनि एक मुष्ट भुक्तानी भएकोमा कुन शाखा बिभागहरुमा के कार्यक्रम गरेबापत खाजा खर्च भएको हो उक्त खाजाको अर्डर स्लीप सिलसिलेवार नम्वर अंकित गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी संलग्न गर्नुपर्ने देखिन्छ । | | |
| २४.४. | | | त्रि .वि. आन्तरीक श्रोत परिचालन सम्बन्धी निर्देशिका २०७१ को बुदा नं. ५ (५ग) अनुसार क्याम्पसले तोकिएको बैंकमा धरौटी खाता खोली धरौटी वापत प्राप्त हुने सवै रकम यसै खातामा अनिवार्य रुपमा जम्मा गर्नु पर्ने र धरौटी फिर्ता गर्नुपर्दा यसै खाताबाट फिर्ता गर्नुपर्ने देखिन्छ । | | |
| २४.५. | | | त्यस क्याम्पसमा आवश्यक पर्ने पुस्तकहरु खरिद गर्दा तोकिएको प्रक्रिया पुरा गरी खरिद गर्नु पर्नेमा सो भएको देखिएन । प्रकृया अवलम्वन गर्नुहुन ध्यानकर्षण गराउँदछौं । | | |
| २४.६. | | | यस क्याम्पसवाट आर्थिक सहयोग, सुभ कामनामा विज्ञापनमा भुक्तानी गर्ने गरेको देखिएकोले सो नगर्न यस वर्ष पनि पुन सुझाव दिइएको छ । | | |
| २४.७. | | | बेरुजु फस्यौंट - त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० को नियम ४५क मा बेरुजु फछ्र्यौट गर्ने गराउने उत्तरदायित्व, ४५ख सम्परीक्षण तथा बेरुजु फछ्र्यौट, ४५ग बेरुजु लगत कायम गरी र ४५घ बेरुजु फछ्र्यौट समिति गठन सम्बन्धी नियमहरूमा तोकिए बमोजिम गर्नुपर्ने काम कारबाही तदारुक्तापूर्वक अगाडि बढाउनु देखिन्छ । | | |

| क.सं. | मिति | भौ.नं. | विवरण कैफियत | बेरुजु रकम | असूल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| २५. | | | **लेखा निर्देशिकाको कार्यान्वयन** - त्रिभुवन बिश्व बिद्यालय कार्यकारी परीषद्ले २०८० मा जारी गरेको लेखा निर्देशिकामा पुन त्रि बि कार्यकारी परिषद्को मिति २०८१।८।१२ को निर्णय नं ४३५ बाट संशोधन भइ संशोधित त्रि बि लेखा निर्देशिका जारी भएको छ । तत्सम्बन्धी सुचना त्रि बि को आधिकारीक वेभसाइट www.tu.edu.np मा राखिएको छ । त्रि बि अन्तर्गतका निकायहरुले २०८१।८२ को सो निर्देशिकाको पालना गरी आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यस क्याम्पसले यस आ ब २०८१।८२ को आर्थिक बिवरण सोही निर्देशिकाको अनुसरण गरी तयार गरी लेखापरिक्षणको लागि पेश भएकोमा आर्थिक बिवरण र सो संग सम्बन्धित निम्न अनुसूचीहरुको अवस्था निम्नानुसार रहेकोले यसमा सुधार गर्नु पर्ने देखिन्छ । | | |

| सि नं | बिवरण | अनुसूची | कार्यान्वयन अवस्था | कैफियत |
|---|---|---|---|---|
| ३ | धरौटी | २ | आंशीक कार्यान्वयन | नाम नामेसी नरहेको |
| ११ | आम्दानी बिवरण | ९ | कार्यान्वयन नभएको | अनुमानित आय उल्लेख नभएको र सोको वास्तविक आय संग तुलना नभएको । |

~ समास ~